नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, असार १० गते २०५० साल (अतिरिक्ताङ्क २०

भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४९ सालको ऐन नं १३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आयकर ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : आयकर ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आयकर (आठौं संशोधन) ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आयकर ऐन, २०३१ को दफा २ मा संशोधनः आयकर ऐन, २०३१ (यसपछि 'मूल ऐन' भनिएको) को दफा २ को,-

(१) खण्ड (ङ) मा रहेका "अतिरिक्त कर निर्धारण" भन्ने शब्दहरू पछि "स्वयं कर निर्धारण, स्वयं कर निर्धारणमा कर अधिकृतले थपघट गरी निर्धारण गरेको कर निर्धारण आदेश" भन्ने शब्दहरू थपिएकाछन् ।

(२) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएकोछ :-

"(ञ१) "कृषि" भन्नाले जमीनबाट प्रत्यक्ष उब्जनी गर्ने काम सम्झनु पर्छ।"

(३) खण्ड (ड) पछि देहायको खण्ड (ड१) थपिएकोछ :-

"(ड१) "कुल आय" भन्नाले करदाताको कारोबारबाट प्रत्यक्ष खर्च कट्टा गरी हुन आउने रकम सम्झनु पर्छ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. <u>मूल ऐनको दफा ६ मा संशोधन</u> : मूल ऐनको दफा ६ मा रहेका "प्राप्त गरेको र विदेशमा आर्जन गरी नेपाल अधिराज्यभित्र प्राप्त गरेका" भन्ने शब्दहरूको सट्टा "नेपाल अधिराज्यबाट कारोबार गरी विदेशमा आर्जन वा प्राप्त गरेको" भन्ने शब्दहरू राखिएकाछन्।

४. <u>मूल ऐनको दफा ६क. मा संशोधन</u> : मूल ऐनको दफा ६क. पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर कर लाग्ने तथा नलाग्ने आयमा भएको खर्च छुट्याउन वा छुट्टिन नसक्ने भएमा कर अधिकृतले दामासाहीले हिसाब गरी कर नलाग्ने आयमा भएको खर्च मिनाहा दिने छैन।"

५. <u>मूल ऐनको दफा ७ मा संशोधन</u> : मूल ऐनको दफा ७ को उपदफा (१) को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएकोछः-

"(झ) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको क्षेत्रमा निजी बसोबासको लागि बाहेक व्यावसायिक प्रयोजनको लागि बनाइएको वा खरीद गरिएको घर र घडेरी जग्गा बिक्री गरी प्राप्त गरेको आय।

<u>स्पष्टीकरण</u> : यस खण्डको प्रयोजनको लागि "निजी बसोबासको घरजग्गा" भन्नाले पैतृक सम्पत्तिबाट प्राप्त भएको तथा आफूले आर्जन गरेको समेत गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
289

दुईवटासम्म घर तथा सो घरले चर्चेको जग्गा र सो नभएमा दुईवटासम्म घडेरी जग्गा सम्झनु पर्छ।"

६. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को;-

(१) खण्ड (क) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छ :-

"तर औषधि उपचार खर्च, दैनिक वा भ्रमण भत्ता, दुर्गम स्थान भत्ता, विदेश भ्रमणमा प्रतिनिधि मण्डलको पाकेट खर्च, नेता भत्ता, विदेश भत्ता, भैपरी आउने खर्च,दर्रो खर्च, सोधभर्नाको रूपमा पाएको रकम, काम लगाउने संस्थाले दिएको टेलिफोन सुविधाको रकम तथा श्री ५ को सरकार, सरकारी वा अर्ध सरकारी संस्थानहरू, सार्वजनिक हितको काम गर्ने संस्थाहरू र तोकिएको अन्य संस्थाले प्रदान गरेको उपदान, निवृत्तभरण, संचित घर बिदा, बिरामी बिदा, विभूषण, तक्मा वा पदक बापतको रकम समेत पारिश्रमिक आयमा समावेश गरिने छैन।

स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागि;-

(१) "विदेश भत्ता" भन्नाले नेपाल अधिराज्यस्थित कुनै संस्थाले आफ्नो कुनै कर्मचारीलाई विदेशस्थित आफ्नो कुनै कार्यालयमा खटाई काम लगाएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो कर्मचारीले नेपाल अधिराज्यमा पाउने भन्दा बढी हुने गरी विदेशमा प्राप्त गर्ने अतिरिक्त रकम सम्झनु पर्छ ।

(२) "दुर्गम स्थान भत्ता" भन्नाले कुनै दुर्गम स्थानमा कुनै कर्मचारीले काम गरे बापत प्राप्त गर्ने पारिश्रमिकको श्री ५ को सरकारले तोकेको कुनै निश्चित प्रतिशत सम्मको रकम सम्झनु पर्छ।

(३) "दशैं खर्च" भन्नाले काम लगाउनेबाट वर्षमा एक पटक प्राप्त गरेको एक महीनाको तलब बराबरको रकम सम्झनु पर्छ।"

(२) खण्ड (ख) को शुरूमा रहेका "काम लगाउनेले" भन्ने शब्दहरूको सट्टा "मुख्य व्यवस्थापक तथा निजले अधिकार प्रत्यायोजन गरेको कुनै अधिकृतले" भन्ने शब्दहरू राखिएकाछन् ।

७. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को,-

(१) उपदफा (३) मा रहेको प्रतिवन्धात्मक वाक्यांश झिकिएकोछ।

(२) उपदफा (३) पछि देहायको उपदफा (३क.) थपिएकोछः-

"(३क.) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकिदिएको क्षेत्रको घरजग्गाको बहालको सम्बन्धमा सोही सूचनामा तोकिदिएका प्रक्रियाहरुको आधारमा न्यूनतम बहाल निर्धारण गर्न सक्नेछ। यसरी तोकिएको न्यूनतम बहाल रकम, करदाताले प्रस्तुत गरेको विवरणामा उल्लेखित बहाल रकम र प्रमाणित हुन आएको बहाल रकम मध्ये जुन बढी हुन्छ सोही रकमलाई नै बहाल रकम मानिनेछ।"

८. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को खण्ड (क) मा रहेका "तिरेको भन्ने प्रमाणित नभएमा" भन्ने शब्दहरु पछि "करदाताबाट" भन्ने शब्द थपिएकोछ ।

९. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को उपदफा (१) को,-

(१) खण्ड (ङ) को प्रतिवन्धात्मक वाक्यांशको ठाउँ ठाउँमा रहेका "छहजार रूपैयाँ" भन्ने शब्दहरुको सट्टा "पच्चीसहजार रूपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) खण्ड (ञ१) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर स्वदेशी र विदेशी पत्र-पत्रिका, टेलिभिजन, रेडियो, सिनेमा, विभिन्न किसिमका पेण्टिङ्ग, पोष्टर, पाम्पलेट, पुस्तिका, क्यालेण्डर, डायरी छपाई आदि प्रचार प्रसारको निमित्त गरिएको खर्च बाहेक अन्य खर्चहरुलाई विज्ञापन खर्चमा समावेश गरिने छैन र व्यापार प्रवर्द्धनको लागि गरिने अन्य खर्च खण्ड (ट) को अधीनमा रही कट्टा गरिनेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. <u>मूल ऐनको दफा १३ मा संशोधन</u> : मूल ऐनको दफा १३ को खण्ड (ख) मा रहेका "तीनहजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पाँचहजार रूपैयाँ" भन्ने शब्दहरू राखिएकाछन्।

११. <u>मूल ऐनको दफा १४ मा संशोधन</u> : मूल ऐनको दफा १४ को शुरूमा रहेका "घर जग्गा बहालको खुद आय निर्धारण गर्दा" भन्ने शब्दहरू पछि "बहाल प्राप्त भएको घर जग्गाको मात्र" भन्ने शब्दहरू थपिएकाछन् ।

१२. <u>मूल ऐनको दफा २४ मा संशोधन</u> : मूल ऐनको दफा २४ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ :-

"(३) कर अधिकृतले उपदफा (२) बमोजिम कर निर्धारण गर्दा कसैले अरूको नामबाट कारोबार गरेको देखेमा त्यसरी अरूको नामबाट कारोबार गर्ने व्यक्ति र जसको नामबाट त्यस्तो कारोबार गरिएको हो सो व्यक्तिलाई समेत दफा ४५ बमोजिम उपस्थित गराई बुझ्न सक्नेछ।"

१३. <u>मूल ऐनको दफा २५ मा संशोधन</u> : मूल ऐनको दफा २५ को प्रतिवन्धात्मक वाक्यांशको (३) पछि देहायको (४) थपिएकोछ :-

"(४) कुनै वर्षभरिनै करदाता आफैले कारोबार नगरेको कारणबाट हुन आएको नोक्सानीलाई कारोबार भएको वर्षको नाफाबाट कट्टा गर्न पाइने छैन।"

१४. <u>मूल ऐनको दफा २७ मा संशोधन</u> : मूल ऐनको दफा २७ को,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२४५

(१) उपदफा (२) को अन्त्यमा रहेको "साधारण सभाबाट नाफा नोक्सानी र वासलात पारित भएपछि एक महीनाभित्र त्यस आधारमा पुनः विवरण पेश गर्नु पर्छ" भन्ने वाक्य झिकिएकोछ।

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएकोछ :-

"(२क) उपदफा (२) बमोजिम अस्थायी विवरण पेश भएको छ महीनाभित्र सो विवरणसंग सम्बन्धित नाफा नोक्सानी र वासलात साधारण सभाबाट पारित भई कर कार्यालयमा पेश हुन नआएमा कर अधिकृतले दफा २८ बमोजिम कारवाही गर्न सक्नेछ।"

१५. मूल ऐनको दफा २८ मा संशोधन : मूल ऐनको दफा २८ को उपदफा (१) को शुरुमा "दफा २७ बमोजिम विवरण दाखिल नगरेमा वा" भन्ने शब्दहरू थपिएकाछन् ।

१६. मूल ऐनको दफा २९ मा संशोधन : मूल ऐनको दफा २९ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएकोछ :-

"(१क) करदाताले स्वयं कर निर्धारण विवरण पेश गरेको मितिले तीन महीनाभित्र संशोधित विवरण पेश गर्न सक्नेछ। यसरी संशोधित विवरण पेश भई सो आधारमा हुने करको पच्चीस प्रतिशत थप शुल्क समेत करदाताले बुझाउनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २४६

तर करदाताले स्वयं कर निर्धारण विवरण पेश गरेको मितिले एक महीनाभित्र संशोधित विवरण पेश गरेमा र सो संशोधित विवरणबाट कर रकममा पाँच प्रतिशतसम्म फरक पर्ने भएमा थप शुल्क लाग्ने छैन।"

१७. मूल ऐनमा दफा ३०क. थप : मूल ऐनको दफा ३० पछि देहायको दफा ३०क. थपिएकोछ :-

"३०क. विवरण पेश गर्नु नपर्ने : पारिश्रमिक आय मात्र भएको करदाताको लाग्ने कर अग्रिम दाखिल भएको प्रमाण त्यस्तो करदाता काम गर्ने संस्थाले दिएमा त्यस्तो करदाताले कर कार्यालयमा आय विवरण पेश गर्नुपर्ने छैन।"

१८. मूल ऐनको दफा ३१ मा संशोधन : मूल ऐनको दफा ३१ को उपदफा (१) मा रहेका "कुनै कुराको जानकारी माग गरेमा" भन्ने शब्दहरू पछि "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरू थपिएकाछन्।

१९. मूल ऐनमा दफा ३३क., ३३ख. र ३३ग. थप: मूल ऐनको दफा ३३ पछि देहायका दफा ३३क., ३३ख. र ३३ग. थपिएकाछन्:-

"३३क. स्वयं कर निर्धारण सम्बन्धी व्यवस्था : (१) करदाताले स्वयं कर निर्धारण गर्नको निमित्त आफ्नो खुद आय कायम गरी स्वयं कर निर्धारणको फाराममा विवरणहरू पेश गरी आफ्नो स्वयं कर निर्धारण गर्न सक्नेछ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

286

तर प्रचलित कानून बमोजिम लेखा राख्न अनिवार्य भएका करदाताहरूले आफ्नो आयको स्वयं कर निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करदाताले स्वयं कर निर्धारणको फाराममा पेश गरेको विवरणहरू छानबिन गर्दा कुनै त्रुटी फेला परेमा वा घटी कर निर्धारण भएको देखिएमा कर अधिकृतले यस ऐन बमोजिम अन्तिम कर निर्धारण गर्न सक्नेछ ।

३३ख. <u>स्वयं कर निर्धारणको प्रक्रिया तोक्ने</u> : स्वयं कर निर्धारणको प्रक्रियाहरू निश्चित गर्न महा-निर्देशकले देहायका व्यवस्थाहरू गर्न सक्नेछ :-

(क) स्वयं कर निर्धारणको प्रक्रिया निर्धारित गर्ने,

(ख) स्वयं कर निर्धारणको विवरण साथ पेश हुने फारामको ढाँचा तोक्ने,

(ग) अनिवार्य रूपमा स्वयं कर निर्धारण गर्ने करदाताको वर्ग तोक्ने,

(घ) स्वयं कर निर्धारण उचित अनुचित छानबिन गर्ने आधार तोक्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३ग. स्वयं कर निर्धारणको विवरण प्रमाणित हुनुपर्ने : करदाताले स्वयं कर निर्धारणको प्रयोजनको निमित्त आफ्नो आय विवरण र सोसंग सम्बन्धित खाता बही कर कार्यालय समक्ष पेश गर्दा स्वीकृत लेखापरीक्षकद्वारा प्रमाणित भएको हुनु पर्नेछ।"

२०. मूल ऐनको दफा ३४ मा संशोधन : मूल ऐनको दफा ३४ को:-

(१) उपदफा (२क) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर कर निर्धारणमा विवाद नदेखिएको बूँदाको हकमा निर्धारित करको पुरै रकम चुक्ता गर्नु पर्नेछ ।"

(२) उपदफा (४) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर करदाताको निवेदन जिकिर पुरै वा आंशिक रूपमा नठहर्ने गरी निर्णय भएमा त्यसरी जिकिर नठहर्ने गरी भएको निर्णयको हदसम्मको रकममा करदाताले दफा ३७ को उपदफा (३) बमोजिम लाग्ने शुल्क बुझाउनु पर्नेछ।"

२१. मूल ऐनको दफा ३७ मा संशोधन : मूल ऐनको दफा ३७ को उपदफा (३) मा रहेका "वार्षिक पन्ध्र प्रतिशत शुल्क" भन्ने शब्दहरूको सट्टा "वार्षिक पच्चीस प्रतिशत शुल्क" भन्ने शब्दहरू राखिएकाछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८५

२२. मूल ऐनको दफा ३७क. मा संशोधन : मूल ऐनको दफा ३७क. मा रहेका "कुनै तवरले हस्तान्तरण गरेमा र" भन्ने शब्दहरूको सट्टा "कुनै तवरले हस्तान्तरण गरेमा वा" भन्ने शब्दहरू राखिएकाछन्।

२३. मूल ऐनको दफा ४१ मा संशोधन : मूल ऐनको दफा ४१ को खण्ड (ज) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएकोछ:-

"तर प्रचलित कानून बमोजिम खुद मुनाफाबाट छुट्याउनु पर्ने खर्च रकम नेपाल राष्ट्र बैंकले तोके बमोजिम बैंक वा वित्तीय संस्थाहरूले जोखिम व्यहोर्ने कोषमा राखेको असूल हुन बाँकी ऋण रकमको बढीमा तीन प्रतिशतसम्मको रकम र ब्याज मुलतबी रहेको रकमलाई खर्चको रूपमा कट्टा गरिनेछ। यसरी जोखिम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखिएमा मिन्हा हुने छैन र सो कोषमा रहेको रकम पूँजीकृत गरिएमा वा मुनाफा वा लाभांश बाँडफाँड गरिएमा जुन वर्ष बाँडफाँड गरिएको छ सोही वर्षको आयमा समावेश गरिनेछ।"

२४. मूल ऐनको दफा ४७ मा संशोधन : मूल ऐनको दफा ४७ को उपदफा (४) मा रहेका "दशहजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पच्चीसहजार रूपैयाँ" भन्ने शब्दहरू राखिएकाछन् ।

२५. मूल ऐनको दफा ४९ मा संशोधन : मूल ऐनको दफा ४९ को उपदफा (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर आर्थिक वर्ष २०४२।०४३ देखि श्री ५ को सरकारको आय वर्ष नै सम्पूर्ण करदाताहरूको आय वर्ष हुनेछ।"

२६. मूल ऐनको दफा ५१ मा संशोधन : मूल ऐनको दफा ५१ मा रहेको स्पष्टीकरणको अन्त्यमा रहेका "प्रमाणपत्र प्राप्त गरेको लेखापरीक्षक सम्झनु पर्छ।" भन्ने शब्दहरूको सट्टा "प्रमाणपत्र प्राप्त गरी कर विभागद्वारा करको प्रयोजनको निमित्त लेखापरीक्षण गर्न पाउने भनी तयार पारिएको लेखापरीक्षकको सूचीमा परेका लेखापरीक्षक सम्झनु पर्छ।" भन्ने शब्दहरू राखिएकाछन् ।

२७. मूल ऐनको दफा ५१क. मा संशोधन : मूल ऐनको दफा ५१क.- को सट्टा देहायको दफा ५१क. राखिएकोछ :-

"५१क. लेखापरीक्षक उपर कारवाही गर्न सकिने : (१) स्वयं कर निर्धारण गर्ने करदाताले दफा ४६ को उपदफा (२) मा उल्लेखित कुनै वा सबै अवस्थाको झुठ्ठा आय विवरण दाखिल गरी कर छल्ने कार्य गरेमा र त्यस्तो कर छल्ने कार्यमा लेखापरीक्षकले मिलेमतो गरी सघाउ पु-याएको प्रमाणित भएमा त्यस्तो लेखापरीक्षकलाई पाँचहजार रूपैयाँसम्म जरिवाना गरी निजको नाम करको प्रयोजनको निमित्त कर विभागद्वारा तयार पारिएको स्वीकृत लेखापरीक्षकको सूचीबाट पाँच वर्षको लागि हटाइनेछ ।

(२) स्वयं कर निर्धारण गर्ने करदाताले झुठ्ठा विवरण पेश गरेमा र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो विवरण पेश गर्ने कार्यमा लेखापरीक्षकको मिलेमतो नदेखिए तापनि निजको व्यावसायिक लापरवाहीले गर्दा त्यस्तो झुठ्ठा विवरण पेश हुन आएको देखिएमा निजलाई पाँचसय रुपैयाँसम्म जरिवाना गरी निजको नाम करको प्रयोजनको निमित्त कर विभागद्वारा तयार पारिएको स्वीकृत लेखा परीक्षकको सूचीबाट तीन वर्षको लागि हटाइनेछ ।

(३) उपदफा (१) र (२) मा उल्लेख भएकोमा बाहेक अन्य अवस्थामा लेखापरीक्षकले झुठ्ठा लेखा वा विवरणलाई साँचो भनी प्रमाणित गरेको देखिएमा महानिर्देशकले त्यस्तो लेखापरीक्षकलाई लेखापरीक्षक सम्बन्धी ऐन, २०३१ बमोजिम सजाय गर्न महालेखा परीक्षक समक्ष सिफारिश गर्न सक्नेछ ।"

२८. मूल ऐनको दफा ५१ख. मा संशोधन : मूल ऐनको दफा ५१ख. को उपदफा (३) झिकिएको छ ।

२९. मूल ऐनमा दफा ५१ग. थप : मूल ऐनको दफा ५१ख. पछि देहायको दफा ५१ग. थपिएकोछः-

"५१ग. भुक्तानीको कारोबार बैंक मार्फत गर्नु पर्ने: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अवस्थामा बाहेक करदाताहरूले एक पटकमा बीसहजार रूपैयाँभन्दा बढी रकमको भुक्तानी गर्नु पर्दा बैंक मार्फत गर्नु पर्नेछ। यसरी बैंक मार्फत भुक्तानी नभएको रकमलाई खुद आयमा समावेश गरिनेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०. <u>मूल ऐनको दफा ५५क. मा संशोधन</u> : मूल ऐनको दफा ५५क. को उपदफा (१) मा रहेका "दश प्रतिशत रकम" भन्ने शब्दहरूको सट्टा "पच्चीस प्रतिशत रकम" भन्ने शब्दहरू राखिएकाछन् ।

३१. <u>मूल ऐनको दफा ५६ मा संशोधन</u> : मूल ऐनको दफा ५६ को उपदफा (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछः-

"तर स्वयं कर निर्धारणको प्रयोजनको निमित्त आय विवरण पेश गर्ने करदाताको हकमा कर अधिकृतलेनै पुनः कर निर्धारण गर्ने आदेश दिन सक्नेछ।"

३२. <u>मूल ऐनको दफा ५७ मा संशोधन</u> : मूल ऐनको दफा ५७ को अन्त्यमा रहेका "राजश्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ" भन्ने शब्दहरू पछि "यसरी करदाताले राजश्व न्यायाधिकरणमा पुनरावेदन दिई राजश्व न्यायाधिकरणबाट त्यस्तो पुनरावेदन जिकिर पुरै वा आंशिक रूपमा नठहर्ने गरी निर्णय भएमा त्यसरी जिकिर नठहर्ने गरी भएको निर्णयको हदसम्मको रकममा करदाताले दफा ३७ को उपदफा (३) बमोजिम लाग्ने शुल्क बुझाउनु पर्नेछ।" भन्ने वाक्यांश थपिएकोछ ।

३३. <u>मूल ऐनको दफा ५९ मा संशोधन</u> : मूल ऐनको दफा ५९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) दफा २७ मा तोकिएको म्याद भित्र आय विवरण दाखिला नगर्ने करदातालाई लाग्ने करको वार्षिक दश प्रतिशत जरिवाना हुनेछ।"

(२) उपदफा (७) को अन्त्यमा रहेका "र सो जरिवानाको अंक बुझाउन बाँकी करको पच्चीस प्रतिशतभन्दा बढी हुने छैन।" भन्ने वाक्यांश झिकिएकोछ।

३४. मूल ऐनको दफा ६० मा संशोधन : मूल ऐनको दफा ६० को सट्टा देहायको दफा ६० राखिएकोछः-

"६०. झुठ्ठा विवरण दाखिल गर्ने करदातालाई सजाय : (१) यस ऐन बमोजिम करदाताले दाखिल गर्नुपर्ने आय विवरण दफा ५६ को उपदफा (२) मा उल्लेखित अवस्थाको भई झुठ्ठा ठहरिएमा त्यस्तो झुठ्ठा विवरण दाखिल गरे गराएको कारणबाट जे जति रकम घटी हुन गएको वा हुन जाने भएको छ सो घटी रकम करदाताबाट असूल गरी निजलाई सोही रकम बराबरको रकम जरिवाना वा बढीमा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

तर कैदको सजाय गर्दा राजस्व न्यायाधिकरणमा साधक जाहेर गरी राजस्व न्यायाधिकरणबाट निकासा भई आए बमोजिम गर्नु पर्नेछ ।

(२) स्वयं कर निर्धारण गर्ने करदाताले कर छल्ने नियतले गणितीय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
228

त्रुटी गरेमा यस्तो त्रुटीबाट फरक गएको कर रकम निजबाट असूल गरी निजलाई सो रकमको पचास प्रतिशतसम्म जरिवाना हुनेछ ।

(३) स्वयं कर निर्धारण गर्ने करदाताले पेश गरेको विवरण झुठ्ठा नभई कर निर्धारण गर्ने प्रयोजनको लागि दफा १२, ४१ र ४३ बमोजिम खर्च मिन्हा पाउन सक्ने वा आयतर्फ समावेश हुनुपर्ने रकमहरूको सम्बन्धमा मात्र त्रुटी गरेको देखिएमा यस्तो त्रुटीबाट घट्न गएको रकम निजबाट असूल गरी निजलाई सो रकमको पचास प्रतिशत जरिवाना हुनेछ।"

३५. मूल ऐनको दफा ६४ मा संशोधन : मूल ऐनको दफा ६४ मा रहेका "कर अधिकृतलाई" भन्ने शब्दहरू पछि "र दफा ५१क. को उपदफा (१) र (२) बमोजिम सजाय गर्ने अधिकार महानिर्देशकलाई" भन्ने शब्दहरू थपिएकाछन्।

लालमोहर सदर मिति :- २०५०।३।१०।५

आज्ञाले,

वेदव्यास क्षेत्री

श्री ५ को सरकारको सचिव

मुद्रकः— मुद्रण विभाग, सिंहदरवार, काठमाडौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।